प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

राजविराज, सप्तरी

फोन नं. ०३१-५२००५०
Email : akcsaptari@gmail.com, dadosaptari@gmail.com
website : www.akcsaptari.p2.gov.np

## साना सिंचाई स्यालो टयूवेलको लागि सूचना
## दोश्रो पटक प्रकाशित मिति २०७७।०१।२६

यस कृषि ज्ञान केन्द्र, सप्तरीको आ.व. २०७६/०७७ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार स्यालो टयूवेल जडान (निर्माण) कार्यक्रम संचालन गर्न मिति २०७६।१२।०९ मा प्रथम पटक सूचना प्रकाशित भई कोरोना भाइरस द्वारा सृजित लकडाउनको कारणले कृषकहरुले आवेदन दिन नसकेको हुंदा यस ज्ञान केन्द्रको मिति २०७७।१।२६ को निर्णय अनुसार पुनः यो सूचना प्रकाशन गरेको व्यहोरा जानकारी गराउदै उक्त कार्यक्रम १५ % लागत साझेदारीमा संचालन गर्न इच्छुक कृषक, कृषक समूह, कृषि सहकारी संस्था/ कृषि उत्पादनमा संलग्न निजी फर्म/ उद्यमीहरुले यस कृषि ज्ञान केन्द्रमा यो सूचना प्रकाशित भएको मितिले १५औं (पन्ध्र दिन) भित्र अर्थात मिति २०७७।०१।२६ गते देखि २०७७।०२।०९ गते सम्ममा लकडाउनको नियमलाई पालन गर्दै, सामाजिक दुरी कायम राख्दै, जैविक सुरक्षाका उपायहरु अवलम्वन गर्दै अनिवार्य रुपमा मास्कको प्रयोग गरी यस ज्ञान केन्द्रमा कार्यालय समय भित्र तपसिल बमोजिमका कागजातहरु संलग्न राखि खाम बन्दी प्रस्ताव/ आवेदन दर्ता गर्नु हुन आव्हान गरिन्छ । रित्त नपुगेका र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ । प्रस्ताव/आवेदनका लागि थप जानकारी लिन सूचना प्रकाशन गर्ने यस ज्ञान केन्द्रमा सम्पर्क गर्न सकिन्छ ।

<u>संलग्न गर्नु पर्ने कागजातहरु:-</u>

- अनुसूची २ बमोजिमको आवेदन साथ रु १०/- को टिकट सहित रु. ३००/- बुझाएको नगदी रसिद बुझाउनु पर्ने छ ।
- आवेदकको (व्यक्तिको हकमा) नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
- आवेदकको (समुह, सहकारी संस्था र फर्म कम्पनिको हकमा) दर्ता र नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि र आवेदकको (सहकारी संस्था र फर्म कम्पनिको हकमा) स्थाई लेखा नम्बर लिएको प्रमाण पत्रको प्रतिलिपि ।
- मांग गरेको स्यालो टयुवेल जडान हुने जग्गाको जग्गाधनी प्रमानपुर्जा (सो नभए भोगाधिकार प्रमाण) को प्रतिलिपि वा लिजमा लिएको जग्गाको हकमा लालपुर्जा र जग्गाधनीको सक्कल मन्जुरीनामा समेत ।
- मांग गरेको स्यालो टयुवेल जडान हुने जग्गा नक्शाको ब्लू प्रिन्ट/कम्पुटर प्रिन्ट ।
- समुह, सहकारी संस्था र सझेदारी कम्पनिको हकमा आयोजना प्रस्ताव गर्ने सम्बन्धमा कार्यकारीणीको निर्णयको प्रतिलिपि ।
- समुह, सहकारी संस्था र फर्म कम्पनिको हकमा आवेदन गर्न अख्तियारी प्राप्त प्रतिनिधीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि तथा अख्तियारी पत्र ।
- यस ज्ञान केन्द्र र प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत हाल र विगत २ वर्ष भित्र जोन, ब्लक, पकेट तथा अन्य संघ संस्थाबाट स्यालो टयूवेल जडान कार्यको लागी अनुदान पाईसकेका कृषक, कृषक समूह, कृषि सहकारी, तथा कृषि फर्महरुले स्यालो टयूवेलको लागी निवेदन दिन पाउने छैन ।
- आफ्नै/ संस्थाको खर्चमा स्यालो टयूवेल जडान गरि सकेका कृषक/ उपभोक्ताहरुले विधुतिय मोटर वा डिजल इन्जिन पम्पसेट तथा अन्य सिचाई सामग्रीहरु माग गर्न सकिने छ ।
- स्यालो टयूवेलको लागि आवेदन अन्तिम दिन मात्र दर्ता गराउने परमपराले गर्दा भिडभाड बढ्ने र आवेदन दर्ता गराउन छुट हुने सम्भावना रहेकोले भिडभाड हुन नदिन अन्तिम समय सिमा भन्दा अगाडीनै निवेदन दर्ता गराउनु पर्ने छ ।
- इनारको हकमा समूह/ सहकारी संस्थाहरु मात्र अनुदानको लागि योग्य हुने छ ।

<u>अनुदानका सर्तहरु:-</u>

१) स्यालो टयूवेलबाट सिंचाई पुर्याउने खेती योग्य जग्गाको हकमा १५० मि. अर्धव्यास भित्र २ विघामा तरकारी, खाद्यान्न बाली, १.५ बिघा माछापालन र १० कठ्ठा कृषि/ कृषि वन नर्सरी हुनु पर्ने ।

२) स्यालो टयूवेलको लागी विधुतिय मोटर/ पम्पसेट र इस्टीमेट बमोजिमको पाइप, जाली तथा अन्य टयूवेल सामग्रीहरुमा बढीमा ८५% अनुदानमा दिइनेछ ।

३) सोलार पम्पको हकमा सिचाई पुर्याउने खेती योग्य जग्गाको क्षेत्रफल १० कठ्ठा भन्दा कम भए पनि आवेदन गर्न सक्ने छ ।

४) साना सिचाईको लागी आवेदन दिने व्यक्ति/ संस्था/ फर्मले ईस्टिमेट बमोजिमको १५% रकम आयोजना छनौटमा परे पछि सम्झौताको समयमा राष्ट्रिय वाणिज्य बैंक, राजविराज स्थित प्रदेश लेखा ईकाइ कार्यालय सप्तरीको विविध खाता नं. २१८०५०३०००००० मा जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नु पर्ने छ ।

..........................

राजेन्द्र प्रसाद यादव

(दर्जा नाम) प्रमुख